लोक सेवा आयोग

कृषि विकास बैंक लिमिटेड, प्रशासन, प्रशासन, चौथो, लेखपाल पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०४।११

**KEY [B]**

पत्र : प्रथम

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क १००

विषय : सामान्य ज्ञान, आर्थिक तथा बैंकिङ्ग सम्बन्धी

| उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा calculator, mobile प्रयोग गर्न पाइनेछैन । प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

खण्ड 'क' : वस्तुगत

वस्तुगत बहुउत्तर २५×१=२५ अङ्क

1. नेपालको कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढी योगदान कुन क्षेत्रको रहेको छ?
   A) कृषि B) उद्योग C) सेवा D) पर्यटन
2. राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालका गाउँपालिकाहरूको जनसंख्या कुल जनसंख्याको कति प्रतिशत रहेको छ?
   A) ३३.८३ B) ३६.३८ C) ३९.४८ D) ४२.५२
3. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नेपालमा हिमाली जिल्लाहरू कति रहेका छन्?
   A) २८ B) २५ C) २३ D) २१
4. शैक्षिक सत्र २०७९ मा सामुदायिक विद्यालय तर्फ सबैभन्दा धेरै विद्यार्थी संख्या भएको विद्यालय कुन हो?
   A) कालिका मानवज्ञान मा.वि., बुटवल, रूपन्देही B) सुकुना मा.वि., सुकुना, मोरङ
   C) विश्व निकेतन मा.वि., त्रिपुरेश्वर, काठमाडौं D) जनता मा.वि., बेलापटि, धनुषा
5. नेपालको संविधान अनुसार कार्यकारिणी अधिकार कसमा निहित रहेको छ?
   A) संसद B) प्रधानमन्त्री C) मन्त्रिपरिषद् D) नेपाली जनता
6. तलका मध्ये कुन सही छ?
   A) नेपालको अन्तरिम शासन विधान, २००७ B) नेपालको संविधान, २०१५
   C) नेपाल अधिराज्यको संविधान, २०१९ D) नेपालको अन्तरिम संविधान, २०४७
7. नेपाल सरकार वैधानिक कानून, २००४ कसले जारी गरेका हुन्?
   A) जुद्धशमशेर B) पद्मशमशेर C) मोहनशमशेर D) भीमशमशेर
8. नेपालले वि.सं. २०८१ वैशाखमा आयोजना गरेको लगानी सम्मेलन कति औं सम्मेलन हो?
   A) पहिलो B) दोस्रो C) तेस्रो D) चौथो
9. नेपाल सरकारले कति रूपैयाँको नोटमा कालापानी, लिपुलेकसहितको नयाँ नक्सा राखेर जारी गर्ने निर्णय गरेको छ?
   A) रू. २० B) रू. ५० C) रू. १०० D) रू. ५००
10. सगरमाथाको नयाँ उचाई ८८४८.८६ मिटर कहिले कायम भएको हो?
    A) वि.सं. २०७७ मंसिर १३ B) वि.सं. २०७७ मंसिर २३
    C) वि.सं. २०७७ माघ १३ D) वि.सं. २०७७ माघ २३
11. बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को कति परिच्छेदमा 'दण्ड सजाय सम्बन्धी व्यवस्था रहेको छ?
    A) परिच्छेद-२ B) परिच्छेद-३ C) परिच्छेद-४ D) परिच्छेद-५
12. नेपाल राष्ट्र बैंक ऐन अनुसार नेपाल राष्ट्र बैंकको कर्तव्य तलका मध्ये कुन हो?
    A) गैरकर संकलनमा सहयोग गर्ने B) अन्तर्राष्ट्रिय व्यापार सहजीकरण गर्ने
    C) इन्स्युरेन्स प्रिमियमको रेगुलेट गर्ने D) भुक्तानी प्रणाली व्यवस्थित गर्ने

MIRAS ACADEMY

Scanned with CamScanner

13. निष्क्रिय कर्जा (Non-performing Loan) को वर्गीकरणमा तलका मध्ये कुन पर्दैन?
A) कमसल (Substandard)
B) शंकास्पद (Doubtful)
C) सूक्ष्म निगरानी (Watchlist)
D) खराब (Loss)

14. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर मानिने काम कारबाहीसँग सम्बन्धित प्रमाण लुकाउने वा नष्ट गर्नेलाई कति सजाय हुन्छ?
A) १ महिनादेखि ३ महिना कैद
B) ५० हजार देखि १ लाख रूपैयाँ जरिबाना
C) A र B दुबै
D) माथिका कुनै पनि होइनन्

15. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ अनुसार 'वित्तीय जानकारी इकाई' कहाँ रहने व्यवस्था छ?
A) अर्थ मन्त्रालय
B) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
C) नेपाल राष्ट्र बैंक
D) अख्तियार दुरूपयोग अनुसन्धान आयोग

16. नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकहरूले ऋणको Review र Classify कति कति समयमा गर्नुपर्दछ?
A) मासिक
B) चौमासिक
C) अर्धवार्षिक
D) वार्षिक

17. इजाजतपत्र प्राप्त संस्थाका सञ्चालकले एकीकृत निर्देशन बमोजिम पालना गर्नुपर्ने आचरणको सन्दर्भमा निम्न भनाइ अध्ययन गरी सही विकल्प रोज्नुहोस् ।
क) सञ्चालकले बैंक तथा वित्तीय संस्थाको व्यवस्थापनको दैनिक काम कारबाहीको सुपरिवेक्षण तथा अनुगमन गरी आवश्यक निर्देशन दिनुपर्छ ।
ख) पूर्वसूचनाबिना लगातार ३ पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा त्यस्तो सञ्चालकको पद स्वतः रिक्त भएको मानिन्छ ।
A) क मात्र ठिक
B) ख मात्र ठिक
C) क र ख दुबै ठिक
D) क र ख दुबै बेठिक

18. नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन बमोजिम ऋणी कति समयभित्र सम्पर्कमा नआएमा खराब कर्जाको वर्गीकरणभित्र पर्ने व्यवस्था छ?
A) ३० दिन
B) ६० दिन
C) ९० दिन
D) ६ महिना

19. बैंक तथा वित्तीय संस्थाले आफ्नो काम कारबाहीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सञ्चालकको संयोजकत्वमा दिइएका मध्ये कुन समिति वा उपसमिति गठन गर्नु पर्दैन?
A) लेखापरीक्षण समिति
B) कानून समिति
C) जोखिम व्यवस्थापन समिति
D) कर्मचारी सेवा सुविधा समिति

20. कालापानी र लिपुलेकसहितको नेपालको नयाँ नक्सा कहिले जारी भएको हो?
A) वि.सं. २०७६ वैशाख
B) वि.सं. २०७६ असार
C) वि.सं. २०७७ जेठ
D) वि.सं. २०७७ साउन

21. भलिबललाई नेपालको राष्ट्रिय खेल कहिले घोषणा गरिएको हो?
A) वि.सं. २०७३
B) वि.सं. २०७४
C) वि.सं. २०७५
D) वि.सं. २०७६

22. नेपालको प्रथम मुद्रा मानिने 'श्री मानाङ्क' कुन धातुबाट बनाइएको थियो?
A) सुन
B) चाँदी
C) फलाम
D) तामा

23. भित्री मधेशमा पर्ने जिल्ला तलका मध्ये कुन होइन?
A) रौतहट
B) चितवन
C) मकवानपुर
D) सिन्धुली

24. राष्ट्रिय जनगणना, २०७८ बमोजिम जनसंख्याको आकार अनुसार क्रमशः तेस्रो, चौथो, पाँचौं र छैटौं प्रदेश कुन कुन हुन्?
A) कोशी, लुम्बिनी, सुदूरपश्चिम र गण्डकी
B) कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम
C) गण्डकी, कोशी, लुम्बिनी र सुदूरपश्चिम
D) लुम्बिनी, कोशी, सुदूरपश्चिम र गण्डकी

25. लिच्छवि कालमा पसलमा लगाइने करलाई के भनिन्थ्यो?
A) मल्ल कर
B) आपण कर
C) भोग कर
D) सिंकर

MIRAS ACADEMY

CS Scanned with CamScanner

## खण्ड 'ख' : विषयगत ८५ अङ्क

१. बैंकिङ्ग क्षेत्रसँग सम्बन्धित शब्दावलीहरू Repo, Reverse Repo, Letter of Credit, KYC र RTGS को अर्थ स्पष्ट पार्नुहोस् । ५

२. नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरूका लागि जारी गरिने एकीकृत निर्देशन कसरी नियमनको एउटा प्रमुख आधार हुन सक्दछ? प्रष्ट पार्नुहोस् । ५

३. वाणिज्य बैंकहरूले के-कसरी वित्तीय स्रोत संकलन र परिचालन गर्ने गर्दछन्? जानकारी गराउनुहोस् । ५

४. प्रोदभावी (Accrual) र नगद (Cash) मा आधारित लेखा प्रणालीबीचको भिन्नता उदाहरण सहित स्पष्ट गर्नुहोस् । ५

५. राष्ट्रिय आम्दानी (National Income) भन्नाले के बुझिन्छ? उदाहरण सहित प्रष्ट पार्नुहोस् । ५

६. नेपालको आर्थिक विकासमा बैंकिङ्ग क्षेत्रको भूमिका के-कस्तो रहेको छ? वर्णन गर्नुहोस् । १०

७. नेपाल राष्ट्र बैंक स्थापना गर्नुका उद्देश्यहरू लेख्नुहोस् । साथै, ती उद्देश्यहरू प्राप्त गर्न बैंकको काम, कर्तव्य र अधिकार के-कस्तो रहेको छ? उल्लेख गर्नुहोस् । ३+७=१०

८. ऋण लगानी प्रक्रियामा बैंक तथा वित्तीय संस्थाहरूले अपनाउने प्रमुख मापदण्डहरू जानकारी गराउँदै उक्त मापदण्ड/प्रावधानले ऋणको भुक्तानी कसरी सुनिश्चित गर्दछन्? खुलाउनुहोस् । ५+५=१०

९. सन्तुलन परीक्षण (Trial Balance) तयार पार्ने विधिहरू छोटकरीमा वर्णन गर्दै सन्तुलन परीक्षणको डेबिट (Debit) पक्ष र क्रेडिट (Credit) पक्ष कुन कुन कारणले बराबर नहुन सक्छन्? प्रष्ट पार्नुहोस् । साथै, सन्तुलन परीक्षणको डेबिट र क्रेडिट पक्ष बराबर भए पनि कस्ता किसिमका लेखाका त्रुटीहरू (Accounting Errors) सन्तुलन परीक्षणले देखाउन सक्दैन? स्पष्ट गर्नुहोस् । ३+३+४=१०

१०. कुल गार्हस्थ उत्पादनको परिचय दिँदै यसलाई अर्थतन्त्रको सबैभन्दा बढी महत्त्वपूर्ण सूचकको रूपमा लिइनुका कारणहरू खुलाउनुहोस् । साथै, यसको गणनाका लागि उपयोग हुने विधिहरू संक्षिप्तमा जानकारी दिनुहोस् । ३+३+४=१०

MIRAS ACADEMY

:: समाप्त ::

**उत्तरपुस्तिकामा KEY अनिवार्य रूपमा लेख्नुहोला ।**

Scanned with CamScanner